# जनता माध्यमिक विद्यालय
# पूर्व विद्यार्थी संगठन
### सत्यवती गा.पा. १, अस्लेवा

---

# विधान, 2081

---

### प्रतिवेदन पेश गरेको निकाय

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### राप्ती उपत्यका (देउखुरी), नेपाल
### लुम्बिनी प्रदेश

# जनता माध्यमिक विद्यालय पूर्व विद्यार्थी सङ्गठन
# विधान, 2081

**प्रस्तावना**: श्री जनता माध्यमिक विद्यालय अस्लेवामा अध्ययन गरी स्वदेश तथा विदेशका विभिन्न क्षेत्रमा क्रियाशिल पूर्व विद्यार्थीहरूलाई एकतावद्ध गरी विद्यालयको शैक्षिक उन्नयन तथा अन्य सामाजिक कार्यमा एकीकृत रुपले सक्रिय गराउने उद्देश्यले यो सङ्गठनको गठन गरिएको छ। उपरोक्त शैक्षिक संस्थामा अध्ययन गरेका भूतपूर्व विद्यार्थीहरुको समग्र ज्ञान, सीप तथा क्षमतालाई उपयोग गरी आफ्नो मातृसंस्थाको शैक्षिक विकासको पवित्र कार्यमा योगदान गर्ने अभिप्रायले पूर्व विद्यार्थीहरु माझ स्वतन्त्र गैर राजनीतिक एवं गैर नाफा मूलक वृहत्तर सामाजिक संस्थाको रुपमा विकास गर्ने दृष्टिकोणका साथ "जनता माध्यमिक विद्यालय पूर्व विद्यार्थी सङ्गठन अस्लेवा" को विधान २०८१ जारी गरिएको छ।

## परिच्छेद-1
## प्रारम्भिक

१. **संस्थाको नामः** यस संस्थाको नाम "जनता माध्यमिक विद्यालय पूर्व विद्यार्थी सङ्गठन" रहनेछ । यसलाई अंग्रेजीमा **Janata Secondary School Alumni Assiociation** र छोटकरीमा (JSSAA) लेखिनेछ।

(क) **संस्थाको कार्यालय रहने ठेगानाः** संस्थाको मुख्य कार्यालय सत्यवती गाँउपालिका, वडा नं.-1, गुल्मीमा अवस्थित श्री जनता माध्यमिक विद्यालय अस्लेवाको परिसर/हाताभित्र रहनेछ र समितले आवश्यकता अनुसार अन्य स्थानमा समेत सम्पर्क कार्यालय राख्न सक्नेछ ।

(ख) संस्थाको कार्यक्षेत्र: यस संस्थाको कार्यक्षेत्र नेपालभर हुनेछ।

(ग) प्रारम्भः यो विधान कानुन बमोजिम दर्ता भएको मितिदेखि लागू हुनेछ।

(घ) यो संस्था एक अविछिन्न उत्तराधिकारवाला संगठित, स्वतन्त्र, स्वशासित गैर नाफा मूलक, गैर राजनीतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ। संस्थाबाट आफ्नो उद्देश्य प्राप्तिको लागि बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने गरिने छैन।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा:

(क) "अध्यक्ष" भन्नाले संस्थाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ख) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको असार महिनाको मसान्तसम्मको बाह्र महिनाको अवधि सम्झनु पर्दछ।

(ग) “उपसमिति" भन्नाले यो विधान बमोजिम विधिवत् गठित उपसमितिलाई सम्झिनु पर्नेछ।

(घ) “उपाध्यक्ष" भन्नाले संस्थाको उपाध्यक्षलाई जनाउँछ।

(ङ) “कर्मचारी" भन्नाले संस्थाद्वारा विधिवत् नियुक्त वैतनिक वा अवैतनिक कर्मचारी सम्झिनु पर्दछ।

(च) “कार्यसमिति” भन्नाले यस विधानको दफा 13 बमोजिम गठित कार्य समितिलाई जनाउँछ।

(छ) “कार्यालय” भन्नाले विधान बमोजिम विद्यालय परिसरमा स्थापित संस्थाको आधिकारिक कार्यालयलाई सम्झनु पर्दछ।

(ज) “कोषाध्यक्ष” भन्नाले संस्थाको कोषाध्यक्षलाई सम्झिनु पर्दछ।

(झ) “तोकिए वा तोकिए बमोजिम" भन्नाले यो विधान र यो विधान अन्तर्गत बनेको नियम/विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ञ) "नियम/विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम/विनियमलाई जनाउँछ।

(ट) "पदाधिकारी" पदाधिकारी भन्नाले संस्थाको कार्य समितिका सदस्य तथा पदाधिकारीहरुलाई सम्झिनु पर्दछ।

(ठ) “पूर्व विद्यार्थी” भन्नाले साविकको श्री जनता नि.मा.वि., मा.वि. तथा श्री जनता माध्यमिक विद्यालय, अस्लेवामा कम्तिमा एक शैक्षिक सत्रको अध्ययन पूरा गरेका पूर्व विद्यार्थीहरु सम्झिनु पर्दछ ।

(ड) “लेखापरीक्षक” भन्नाले संस्थाको आय व्यय परीक्षण गरी प्रतिवेदन पेश गर्न तोकिएको रजिष्टर लेखापरीक्षक सम्झनु पर्दछ।

(ढ) “विद्यालय” भन्नाले साविकको श्री जनता नि.मा.वि, मा.वि. तथा हालको श्री जनता माध्यमिक विद्यालय, अस्लेवा चौर, गुल्मी सम्झनु पर्दछ।

(ण) “विधान” भन्नाले जनता माध्यमिक विद्यालय पूर्व विद्यार्थी सङ्गठन अस्लेवाको विधानलाई सम्झिनु पर्दछ।

(त) “सचिव” भन्नाले संस्थाको सचिवलाई सम्झिनु पर्दछ।

(थ) “सदस्य” भन्नाले संस्थाको साधारण सदस्यलाई सम्झिनु पर्दछ।

(द) “संस्था” भन्नाले जनता माध्यमिक विद्यालय एलुमुनाई सङ्गठन अस्लेवालाई जनाउँछ।

(ध) “संरक्षक” भन्नाले संस्थाको विधान बमोजिम नियुक्त संरक्षक सम्झनु पर्नेछ।

(न) “सभा” भन्नाले यस विधान बमोजिम बसेको संस्थाको सदस्यता प्राप्त व्यक्तिहरुको साधारण सभा तथा विशेष साधारण सभा समेतलाई जनाउनेछ।

(ऩ) “सह सचिव” भन्नाले संस्थाको सह सचिवलाई सम्झिनु पर्दछ।

(प) "सल्लाहकार” भन्नाले संस्थाको विधान बमोजिम गठन गरिएका सल्लाहकार समितिका सदस्यलाई सम्झिनु पर्दछ।

(फ) “स्थानीय अधिकारी” स्थानीय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ।

(ब) “स्थानीय तह” भन्नाले संविधान बमोजिम जन निर्वाचित गाउँपालिका/नगरपालिकालाई बुझनुपर्दछ।

३. **संस्थाको छाप तथा चिन्ह**: प्रचलित कानुनको प्रतिकूल नहुने गरी संस्थाको भिन्न पहिचान भएको छाप र चिन्ह हुनेछ। छाप र चिन्ह अनुसूची "1" बमोजिम को ढाँचामा हुनेछ। संस्थाको नाम छाप र चिन्ह यस पूर्व दर्ता भएको कुनै संस्थासँग हुबहु मेल खाने भएमा संशोधनको प्रकृया द्वारा संशोधन गरिनेछ।

## परिच्छेद-२
## उद्देश्य

४. **संस्थाको उद्देश्य: (१) यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ।**

(क) मातृ संस्थाको प्रगति र उन्नतिको लागि विभिन्न क्षेत्रबाट योगदान गर्ने।

(ख) विद्यालयको शैक्षिक अवस्था, नविनतम प्रविधि तथा अन्य सामयिक विषयवस्तुहरुका सम्बन्धमा समयानुकूल अध्ययन अनुसन्धान मूलक क्रियाकलापहरू गर्ने।

(ग) पूर्व विद्यार्थीहरुमा स्वयंसेवी भावनाको विकास गरी प्राकृतिक प्रकोप उद्धार तथा असहाय सेवामा परिचालित गर्ने।

(घ) पूर्व विद्यार्थीहरुको बिचमा एकीकृत सञ्जालको विकास गरी आपसि सद्भाव भाइचारा र घनिष्टता कायम गर्ने।

(ङ) पूर्व विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्न आत्मविश्वास जगाउन र आपसी सहयोग जुटाउन क्रियाशिल रहने।

(च) समाजमा विद्यमान विकृति, बिसंगती एवं असमानताको विरुद्धमा सचेतना तथा जागरण मुलक अभियानहरु संचालन गर्ने।

(छ) संस्थाको उद्देश्य हासिल गर्नको निमित्त आवश्यक अन्य सामाजिक कार्यहरु गर्ने।

5. **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:** (१) यस संस्थाको उपरोक्त उद्देश्यहरू प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ।

(क) संस्थाले प्रचलित नेपालको कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी आफ्ना उद्देश्यहरू कार्यान्वयन गर्नेछ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्यूटर, टेलिफोन जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवा शर्तहरु निर्धारण गर्नेछ।

(घ) संस्थामा प्राप्त रकम बैक खाता संचालन गरी संस्थाका सम्पूर्ण कारोबार बैक खाता मार्फत मात्र संचालन गर्ने।

(ङ) यो संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य सामाजिक कार्यहरु गर्न सक्नेछ।

## परिच्छेद–3
## सदस्यता

६. **सदस्यहरुको वर्गीकरण**: **(१)** यस संस्थाका देहाय बमोजिम 4 प्रकारका सदस्यहरुको वर्गीकरण गरिएको छ।

**(क) साधारण सदस्य**: यस विधानको दफा 7 मा तोकिए बमोजिमको योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले सदस्यता प्राप्तिका लागि आवेदन पेश गरे पश्चात प्रदान गरिने सदस्यता प्राप्त गर्ने व्यक्तिहरू साधारण सदस्य हुनेछन्।

**(ख) संस्थापक सदस्यः** यस संस्था दर्ता हुँदाको बखतमा कायम रहेका तदर्थ समितिका सदस्यहरु संस्थापक सदस्य हुनेछन्। संस्थापक सदस्यहरुले आजीवन सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनु पर्नेछ।

**(ग) आजीवन सदस्य**: संस्थाको साधारण सदस्यता प्राप्त गर्न योग्य व्यक्तिले दफा १० को (३) बमोजिमको शुल्क बुझाउने व्यक्तिलाई संस्थाको आजीवन सदस्यता प्रदान गरिनेछ।

**(घ) मानार्थ सदस्य**: यस संस्थाले उपयुक्त ठहर गरेको विशिष्ट समाज सेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन।

**(2) संरक्षक**: संस्थाको साधारण सदस्य हुन योग्य व्यक्तिलाई आवश्यकता अनुसार एक वा बिजोर संख्यामा साधारण सभाबाट संरक्षक तोक्न सकिनेछ।

७. **सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता**: (१) यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ:

(क) विद्यालयमा कम्तीमा एक शैक्षिक सत्र अध्ययन पुरा गरी पास आउट भएको हुनु पर्नेछ।

(ख) नेपाली नागरिक भएको।

(ग) 16 वर्ष पुरा गरेका।

(घ) मानसिक सन्तुलन नगुमाएको।

(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको।

(च) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेका।

८. **सदस्यताको अयोग्यता**: संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था: (१) देहायको अवस्थामा कुनै व्यक्तिले संस्थाको सदस्यता प्राप्त गर्न वा सदस्य बहाल रहन वा सदस्य बहाल रहन सक्ने छैन।

(क) गैर नेपाली नागरिक

(ख) १६ वर्ष उमेर पुरा नगरेको।

(ग) मगज बिग्रेको वा बौलाएको।

(घ) सार्वजनिक सम्पत्ति हिनामिनामा अदालतबाट दोषी ठहरेको।

(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय पाएको।

(च) सम्बन्धित संस्थाको हित विपरित कार्य गरेको।

(छ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाई, सजाय पाएको १ वर्ष नपुगेको ।

९. **सदस्यता समाप्ति**: (१) देहाय अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन।

(क) यस विधानको दफा ७ बमोजिम सदस्यताको लागि योग्यता नपुगेको वा दफा ८ बमोजिम सदस्यता प्राप्त गर्न अयोग्य भएमा।

(ख) साधारण सभाको ७५ प्रतिशत सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा।

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा।

(घ) संस्थाको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा।

(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने, भनि मानिएको कुनै कार्य गरेमा।

(च) निरन्तर तीन वर्षसम्म सदस्यता नविकरण नगरेमा।

(छ) सदस्यको मृत्यु भएमा।

(२) कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद पेश गर्ने मौका दिईने छ।

१०. **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि**:

यस विधान बमोजिम संस्थाको सदस्यता प्राप्त गर्न सक्ने व्यक्तिहरुले देहाय बमोजिमको तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन्।

(१) साधारण सदस्य:

(क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क बापत रु. 500/- बुझाई तोकिएको प्रकृया अनुसार आवेदन पेश गर्नेलाई साधारण सदस्यता प्रदान गर्न सकिनेछ।

(ख) त्यस्ता साधारण सदस्यले वार्षिक नवीकरण शुल्क रु.१००।- बुझाउन पर्नेछ।

(ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष असोज महिनाको मसान्त भित्र नवीकरण गराई सक्नुपर्नेछ।

(२) संस्थापक सदस्यः

(क) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका सदस्यहरु संस्थापक सदस्य हुनेछन्।

(ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई आजीवन सदस्यता प्राप्त गर्नुपर्नेछ।

(३) आजीवन सदस्य

(क) संस्थामा एकमुस्ट रु. २०००/– बुझाई आवेदन दिने व्यक्तिहरूलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।

(४) मानार्थ सदस्यः

(क) साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाज सेवी, विशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन।

(५) कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिईनेछ।

(६) सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ।

(७) संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ।

## परिच्छेद–४
## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्थाः

### ११. साधारण सभाको गठन

(१) यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु रहेको संस्थाको साधारण सभा गठन हुनेछ। मानार्थ तथा संरक्षक सदस्यहरु आमन्त्रित हुनेछन्। साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ।

(२) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ।

(क) वार्षिक साधारण सभाः वर्षको एक पटक आश्विन मसान्त भित्र वार्षिक साधारण सभा बस्नेछ।

(ख) विशेष साधारण सभाः संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाइ विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्य समितिले कम्तीमा ७ (सात) दिन भित्र अनिवार्य रूपमा बोलाउनु पर्दछ। तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्ने छैन।

(३) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले 6 (छ महिना) भित्र गरिनेछ।

(४) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नको लागि कम्तीमा ७ (सात) दिनु अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरूलाई अनिवार्य रुपले सूचना दिइनेछ।

(५) उप–दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिन पुनः साधारण सभा बोलाईनेछ।

(६) साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिनेछ.

## १२. साधारण सभाको काम, कर्तव्य र अधिकारः

(१) साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने।

(ख) लेखापरीक्षकबाट प्राप्त वार्षिक लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजू रकमहरू माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजू रकमहरू असुल उपर गरी फस्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने।

(ग) आगामी वर्षको लागि लेखापरीक्षकको नियुक्ति गर्ने। संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरूको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने।

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिले पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने।

(च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने।

(छ) कार्य समितिबाट निर्णय भई मानार्थ सदस्यता प्रदान गरिएका सदस्यहरुको अनुमोदन गर्ने।

(ज) कार्य समितिबाट संस्थाको हित अनुकूल भएका काम कारबाहीको, औचित्यता हेरी अनुमोदन गर्ने।

(झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरूमा आवश्यकता अनुरूप स्वीकृती प्रदान गर्ने।

## १३. कार्य समितिको गठनः

(१) साधारण सभाका सदस्यहरूबाट निर्वाचित देहाय बमोजिमका पदाधिकारीहरु रहने ११ सदस्यीय एक कार्य समिति गठन गरिनेछ।

(क) अध्यक्ष......................................1

(ख) उपाध्यक्ष....................................1

(ग) कोषाध्यक्ष...................................1

(घ) सचिव........................................1

(ङ) सह-सचिव....................................1

(च) सदस्य........................................६

जम्मा ११

यसरी कार्य समितिको गठन गर्दा महिला तेत्तिस प्रतिशत पुग्ने गरी गठन गर्नुपर्नेछ।

(२) कार्य समितिको कार्यकाल 3 वर्षको हुनेछ।उक्त समयावधिमा अर्को नयाँ समिति गठन हुन नसकेमा सोहि समितिले नै कामचलाउ समितिको रुपमा कार्य गर्नेछ ।

(३) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्यसमितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिको सदस्यको मनोनयन कार्य समितिद्वारा गर्न सकिनेछ। यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ तर अन्य पदहरूको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृया द्वारा पद पूर्ति गरिनेछ।

(४) कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछ। तर कार्य समितिको पदाधिकारीहरूको जम्मा संख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ।

(५) कार्यसमितिका पदाधिकारीहरुको कुल संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभई कार्य समितिको बैठक बस्ने छैन। यसरी बैठकमा भर्चुअल रुपमा प्रविधि मार्फत भएको उपस्थितलाई समेत मानिनेछ । साथै यसरी उपस्थित भएका सदस्यको मिति र समय खुलाई अध्यक्षले प्रमाणित गर्नुपर्नेछ।

(६) कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित रहेमा बैठकमा उपस्थित भएका सदस्य मध्ये ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

(७) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(८) कार्यसमितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिनेछ र सो निर्णय पुस्तिकामा बैठकमा उपस्थित सदस्यहरुले सही गर्नु पर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ।

(९) संस्थाले गर्ने सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ।

(१०) माथिका दफाहरुमा जुन सुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ। उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ।

**१४. कार्य समितिको काम कर्तव्य र अधिकारः** (१) कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने।

(ख) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने।

(ग) संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने।

(घ) साधारण सभा प्रति उत्तरदायी रहने।

(ङ) संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने।

(च) संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने।

(छ) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न र बैक खाता खोली संचालन गर्ने।

(ज) संस्थाको कर्मचारीहरुको सेवा, शर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभा वाट स्वीकृत गराई लागू गर्ने गराउने।

(झ) संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरूको सल्लाहकार, समितिका अन्य समिति, उप समिति गठन गर्ने र आवश्यकता अनुरूप कार्यको वाडफाड गरिदिने।

(ञ) संस्थाको नेतृत्व दायी भूमिका निर्वाह गर्ने।

**१५. पद त्याग गर्न सक्ने**ः (१) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारिहरूले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्नेछन्।

**१६. अन्य समितिहरुः**

(१) सल्लाहकार समितिः जनता माध्यमिक विद्यालय अस्लेवामा पूर्व विद्यार्थी संगठनलाई नैतिक, भौतिक एवं अन्य सहयोग पुर्याउने महानुभावहरू मध्येबाट कार्य समितिको निर्णय बमोजिम बढीमा ७ जनालाई सल्लाहकारको रुपमा चयन गरी सल्लाहकार समितिको गठन गर्न सकिनेछ।

(२) यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप समितिहरु गठन गर्न सक्नेछ तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ।

(३) संस्थालाई आवश्यकता परे बमोजिम अल्पकालीन उपसमितिहरुको गठन गर्न सकिनेछ। उप समितिहरुको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ।

## परिच्छेद–५

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

17. **पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार:** कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(1) अध्यक्षको काम, कर्तव्य र अधिकार:

(क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने।

(ख) मत बराबर भएमा निर्णायक मत दिने।

(ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने।

(घ) संस्थाको नेतृत्व लिने।

(ङ) आवश्यकता अनुसार बैठकहरू बोलाउन सचिवलाई निर्देशन दिने।

(च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँड फाँड गर्ने।

(2) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) अध्यक्षलाई सहयोग गर्ने।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने।

(ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने।

(3) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने।

(ख) अध्यक्षको निर्देशन अनुसार कार्य समितिको बैठक र सभा बोलाउने।

(ग) अभिलेख सुरक्षित राख्ने र अभिलेख प्रमाणित गर्ने।

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने।

(४) सह–सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण कार्य गर्ने।

(ख) समितिको उद्देश्य प्राप्तिका लागि सचिवलाई सक्रिय रुपले सहयोग गर्ने।

(ग) अध्यक्ष तथा कार्य समितिले तोकेको अन्य कार्य गर्ने।

(5) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) संस्थाको आय व्यय विवरणको प्रचलित कानुन बमोजिम अभिलेखीकरण गर्ने।
(ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने।
(ग) नियमित रुपमा वार्षिक लेखापरीक्षण गराउने।
(घ) लेखा दुरुस्त राख्ने।

(6) सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
(क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने।
(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने।
(ग) कार्य समितिका हरेक बैठकमा उपस्थित हुने।
(घ) तोकिएको अन्य कार्य गर्ने।

**१८. गणपूरक संख्या**:

(1) कुल सदस्य संख्याको 51 (एकाउन्न) प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभई साधारण सभाको काम कारबाही हुने छैन। सदस्यको उपस्थिति प्रविधि मार्फत भर्चुअल रुपमा भएमा समेत मान्यता दिइनेछ। यसरी प्रविधि मार्फत भएको उपस्थितीलाई सम्भव भएसम्म स्क्रिनसर्ट लिई वा निर्णय पुस्तिकामा नाम लेखी अध्यक्ष र सचिवले मिति र समय खुलाई प्रमाणित गर्नुपर्नेछ।

(2) तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम, पुनः बोलाईएको साधारण सभामा कुल सदस्य संख्याको 33 (तेत्तिस) प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन।

## परिच्छेद -६
## आर्थिक व्यवस्था

**१९. संस्थाको कोष**: (1) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन्।
(क) सदस्यता बापत प्राप्त सदस्यता एवं नविकरण शुल्क।
(ख) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता बापत प्राप्त रकम।
(ग) संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको विक्रीबाट प्राप्त रकम।
(घ) विदेशी संस्था, व्यक्ति वा अन्तरराष्ट्रिय संघ संस्थाबाट सहयोग बापत प्राप्त रकम।
(ङ) स्थानीय तहबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम।

(२) विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग लिने भए संस्थाले नेपाल सरकार, समाज कल्याण परिषद्‌बाट स्वीकृती लिईनेछ।

(3) संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैक खाताबाट सञ्चालन गरिनेछ।

**20. खाता संचालन**: (१) संस्थाको बैंक खाता संचालन कार्य समितिको अध्यक्ष र महासचिव मध्ये एक जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट गरिनेछ ।

**21. कोषको रकम खर्च गर्ने तरिका**: (१) संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ।

(क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ।

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नु पर्नेछ।

**२२. संस्थाको लेखा र लेखा परीक्षण**:

(1) संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिने छ।

(2) संस्थाको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिस्टर्ड लेखापरीक्षकबाट हुनेछ।

(3) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै बखत पनि आफै वा मातहतका कर्मचारीहरूलाई खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ।

(४) लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ। तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ।

(5) संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी र सम्बन्धित निकायमा पेश गरिनेछ।

## परिच्छेद -७
## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

**23. निर्वाचन सम्बन्धी व्यवस्था**:

(1) कार्य समितिको निर्वाचन प्रयोजनका लागि एक जना संयोजक सहित बढीमा ५ जनाको एक निर्वाचन समिति गठन गरिनेछ।

(२) निर्वाचन समितिले प्रचलित कानुनको परिधि भित्र रहेर निर्वाचन कार्य विधि आफै व्यवस्थित गर्नेछ।

(३) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ।

(४) निर्वाचन सम्पन्न भएपछि निर्वाचन परिणाम घोषणा गर्नुपर्नेछ । नव निर्वाचित कार्य समितिका अध्यक्षलाई निर्वाचन समितिका संयोजकले र अन्य पदाधिकारी तथा सदस्यहरुलाई अध्यक्षले पद र गोपनीयताको सपथग्रहण गराउनु पर्नेछ । सपथग्रहण पश्चात नयाँ कार्य समितिलाई निवर्तमान कार्य समितिबाट कार्यभार हस्तान्तरण गराएपछि निर्वाचन समितिको स्वतः विघटन हुनेछ।

(५) सपथग्रहणको ढाँचा अनुसूची 2 मा दिईएको छ ।

24. **उम्मेदवार हुने योग्यता:** (१) कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ।

(क) संस्थाको नियमित आफ्नो सदस्यता नवीकरण गराई रहेको संस्थाको साधारण, आजीवन तथा संस्थापक सदस्यहरु मात्र निर्वाचनमा मतदाता वा उम्मेदवार हुन /बन्न पाउनेछन्।

(ख) निर्वाचन समितका व्यक्तिहरू, मानार्थ सदस्य निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन।

(ग) कार्य समितिको पदाधिकारीको लागि उम्मेदवार बन्न साधारण सदस्यता प्राप्त गरिसकेको हुनु पर्नेछ।

25. **अविश्वासको प्रस्ताव:**

(1) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुर्‍याई संस्थामा दर्ता गर्नु पर्नेछ।

(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ।

(ग) प्रस्तावकको नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ।

(घ) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनुपर्छ।

(2) उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिनेछ।

(३) अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया:

(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा अविश्वासको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ।

(ख) उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरे पश्चात् सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य ३ जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ।

(ग) उप दफा १ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिईनेछ।

(४) अविश्वासको प्रस्ताव माथि निर्णय:

(क) अविश्वासको प्रस्ताव उपर सम्बन्धित पक्षले आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्ताव निर्णयार्थ सभामा पेश गरेको घोषणा गर्नेछ।

(अ) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

(आ) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर।

(ख) साधारण सभाको कुल सदस्य संख्याको २/३ दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पदाधिकारीहरु पद मुक्त हुनेछन्।

(ग) निर्वाचन भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुन अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन।

**२६. विधान संशोधन:-** (१) कुल सदस्य संख्याको दुई तिहाई साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र सस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ। स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ।

**२७. नियम, विनियम बनाउन सक्ने:**

(१) संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ।

(२) यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धि विनियम बनाई लागू गर्न सक्नेछ। त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ।

**२८. कर्मचारीको व्यवस्था:**

(१) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

(२) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन गर्ने कार्यमा विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुर्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी र समाज कल्याण परिषदमा समेत जानकारी गराइनेछ।

**२९. संस्था खारेजी**:

(1) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ।

(2) उपदफा (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामको लागि एक बा एकभन्दा बढी लिक्विडेटरहरु र सस्थाको हिसाब किताब गर्नका लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्ने छन्।

(3) उपदफा २ बमोजिम नियुक्त लिक्विडेटर र लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

(4) यसरी कारण वस सस्था विघटन भई खारेज भएमा सस्थाको दायित्वको फरफारक गरी बाकी रहने सम्पुर्ण जाय जेथा नेपाल सरकारको हुनेछ।

30. **व्याख्या**: (१) यो विधान र विधान अन्तर्गत बनेको नियम/बिनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ।

31. **गोप्यता भंग गर्न नहुने**: (१) यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन। कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन।

32. **कानून अनुसार हुने**: (१) यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम एवं प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछन्।

**३३. निर्देशनको पालना**: (१) नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालन गर्न संस्थाको कर्तव्य हुनेछ।

**३४. तदर्थ समिति**:

(१) यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा आव्हान गरी विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको गठन गरिनेछ।

(२) प्रथम पटक निवांचन सम्पन्न नभए सम्मको अवस्थामा तदर्थ कार्य समितिले गरेका काम कारबाहीहरु यसै विधान बमोजिम भएको मानिनेछ।

३५. हामी जनता माध्यमिक विद्यालय पूर्व विद्यार्थी सङ्गठन अस्लेवाका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भई निम्न साक्षीहरुको रोहवरमा विधानमा सही छाप गर्दछौ।

| सि.नं. | संस्थापकको नाम, थर र वतन | पद | हस्ताक्षर | साक्षीको नाम, थर वतन | हस्ताक्षर |
|---|---|---|---|---|---|
| 1 | | | | | |
| 2 | | | | | |
| 3 | | | | | |
| 4 | | | | | |
| 5 | | | | | |
| 6 | | | | | |
| 7 | | | | | |
| 8 | | | | | |
| 9 | | | | | |
| 10 | | | | | |
| 11 | | | | | |

## अनुसूची १
## संस्थाको छाप

**अनुसूची 2**

**सपथ ग्रहण सम्बन्धी ढाँचा (विधानको दफा 11(10) बमोजिम)**

# सपथग्रहण पत्र

**म.....................................यस जनता माध्यमिक पूर्व विद्यार्थी संगठन अस्लेवाको कार्य समितिको.............................पदमा निर्वाचित भएको हुनाले मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झि समाज र गाउँ प्रति बफादार रहि भय, पक्षपात र द्धेष एवं राजनीतिक आग्रह वा पूर्वाग्रह नराखी लोभ लालच र मोलाहिजामा नपरी संगठनको विधान, 2081 तथा साधारण सभा एवं कार्य समितिको निर्णय र निर्देशनको अधिनमा रही आफ्नो कर्तव्य पालना गर्नेछु । साथै मैले आफ्नो कर्तव्य पालनको सिलसिलामा संगठनको काम कारोवार सम्बन्धमा थाहा पाएको कुनै पनि सूचना वा व्यहोरा वा गोप्य राख्नुपर्ने कुराहरु संगठनले अधिकार दिएको वा प्रचलित कानूनले बाध्य पारेको अवस्थामा बाहेक आफ्नो पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले अनधिकृत व्यक्तिलाई थाहा दिने छैन भनि इमान्दारी र गोपनीयताको शपथ ग्रहण गर्दछु ।**

**शपथ ग्रहण गर्ने पदाधिकारीको**

दस्तखतः–

नामः–

पदः–

मितिः–

**शपथ दिलाउनेको**

दस्तखतः–

नामः–

पदः–

मितिः–

**तदर्थ समितिः**

१. अध्यक्ष श्री रामबहादुर अर्याल

२. उपाध्यक्ष ,, टंकप्रसाद पाण्डेय

३. सचिव ,, गंगाधर पाण्डेय

४. कोषाध्यक्ष ,, सविता कनौजे न्यौपाने

५. सदस्य ,, वीरबहादुर कुँवर

६. ,, ,, निरु गौतम

७. ,, ,, कृष्णप्रसाद पाण्डेय